राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
९८५७८३५२४०

प.स. २०८२/०८३
च.न

## उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्तिको आवेदन आह्वान सम्बन्धी सूचना!

**प्रथम पटक प्रकाशित मितिः२०८३/०१।०२**

राजपुर गाउँपालिकाभित्रका आर्थिक रुपले कमजोर तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा छात्रवृत्ति तथा प्रोत्साहन रकम प्रदान गर्ने उद्देश्यले "उच्च शिक्षामा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण निर्देशिका,२०८१ अनुसार देहाय बमोजिमको योग्यता पुगेका राजपुर गाउँपालिकामा स्थायी रुपमा बसोवास गरिरहेकाहरुको लागि आवश्यक कागजात सहित दरखास्त पेश गर्नुहुनको लागि मिति २०८२।१२।२२ गतेको गाउँ शिक्षा समितिको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

१. छात्रवृत्ति प्राप्त गर्न देहायका विषय अध्ययनरत हुनुपर्ने छः
- **Bachelor** र **Master** तहमा **Engineering** र **Medical Science** अन्तर्गतका विषयहरु।

२. आवेदकको लागि योग्यताः
- आर्थिक रुपमा कमजोर र शैक्षिक रुपमा जेहेन्दार ।
- सम्बन्धित विषय र तहको प्रवेश परीक्षा निर्धारित अंक सहित उत्तीर्ण गरेको ।
- राजपुर गाउँपालिकाभित्र कम्तिमा १० वर्षदेखि स्थायी बसोबास गरिरहेको ।

३. आवेदन दिने अन्तिम मितिः २०८३।०१।०९ गते कार्यालय समयभित्र।

४. आवेदन दिने तरिकाः
- इच्छुक विद्यार्थीले आफ्नो व्यक्तिगत विवरण सहित आवश्यक कागजातहरु संलग्न गरी राजपुर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने छ ।

५. आवेदनका लागि आवश्यक कागजातहरुः
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।
- शैक्षिक योग्यताका प्रमाणपत्रहरु एसईईदेखि माथिका सबै।
- प्रवेश परीक्षा उत्तीर्ण गरेको एवम् अध्ययन गरिरहेको हकमा भर्ना भई अध्ययन गरिरहेको व्यहोरा खुल्ने सम्बन्धित क्याम्पसको सिफारिस पत्र ।
- न्यूनतम १० वर्षदेखि स्थायी रुपमा बसोबास गरिरहेको भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

६. छात्रवृत्ति भुक्तानी प्रक्रियाः
- छनौट भएका विद्यार्थीहरुको नाममा रहेको बैंक खातामा छात्रवृत्तिको रकम गाउँपालिकाकाको कार्यालयबाट प्रदान गरिने छ ।

७. थप जानकारीको लागिः
- आवेदन फाराम गाउँपालिकाको वेबसाइट www.rajpurmun.gov.np बाट प्राप्त गर्न सकिने छ।
- राजपुर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिने छ ।

बासुदेव खनाल
शिक्षा अधिकृत

## उच्च शिक्षा छात्रवृत्ति निवेदनको ढाँचा

| निवेदकले फोटोमा पर्ने गरी हस्ताक्षर गर्नुपर्ने |
|---|

**निवेदकको व्यक्तिगत विवरण**

नाम थर: लिङ्ग: जात:

अपाङ्गता भएको भए अपाङ्गताको बर्ग:

स्थायी ठेगाना: जिल्ला:

स्थानीय तहको नाम: वडा न:

बाबुको नाम: आमाको नाम:

अभिभावकको सम्पर्क न:

बाबुको पेसा: आमाको पेसा: परिवारको वार्षिक आम्दानी:

**शैक्षिक सस्थाको विवरण:**

तल्लो तह उतीर्ण संस्थाको नाम: ठेगाना:

उतीर्ण साल: प्रासाङ्क प्रतिशत/ जिपिए:

हाल अध्ययनरत संस्थाको नाम: ठेगाना:

तह: भर्ना मिति:

अध्ययन गरिरहेको विषय:

अध्ययन गर्ने तह भन्दा एक तह मुनीको शिक्षण संस्था: सार्वजनिक ( ) संस्थागत ( )

**अन्य विवरण:**

खाता रहेको बैंकको नाम: ठेगाना:

बैंक खाता स्थायी लेखा नम्बर(PAN):

विद्यार्थीको मोबाइल नम्बर: इमेल ठेगाना:

विद्यार्थीको हस्ताक्षर:

संलग्न गर्नुपर्ने कागजातहरु

- जन्मदर्ता वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- उच्च शिक्षा तर्फ तोकिए बमोजिमका विषयमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको प्रमाण खुल्ने र दोहोरो छात्रवृत्ति प्राप्त नगरेको भन्ने व्यहोराको सम्बन्धित शिक्षण संस्थाको पत्र र स्व: घोषणापत्र,
- SEE देखि माथि प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको स्थायी बसोवासको विवरण खुलेको सिफारिस,
- विपन्नको हकमा सम्बन्धित वडाबाट परिवारको वार्षिक आय खुलेको सिफारिस,
- बसाईसराई भई यस गाउँपालिकामा बसोबास गरेको भए बसाईंसराईंको प्रमाणपत्रको प्रतिलिपी,
- सम्बन्धित विद्यार्थीको नाममा भएको बैंक विवरण (चेकको पत्ता) ।